**खावासाकी अन्तर्राष्ट्रिय केन्द्र**

# KIAN हेल्लो खावासकी

**जापानी, अंग्रेजी, चिनियाँ, कोरियन या उत्तर कोरियन, स्पेनिश, पोर्तुगाली, तागालोग,**
**भियतनामी, थाई, इन्डोनेसियाली, नेपाली र सजिलो जापानिज**
संघको होम पेज (https://www.kian.or.jp/hlkwsk.html) मा हेर्नुहोस् ।
खावासाकी अन्तर्राष्ट्रिय संघ २-२ किजुकी गिओन्च्यो, नाकाहारा वडा, खावासाकी , खानागावा प्रान्त, २११-००३३, जापान
फोन नं:044-435-7000 फ्याक्स नं:044-435-7010 ईमेल : kiankawasaki@kian.or.jp

***************************************************************************************

## विदेशीहरुको लागि रोजगार सेमिनार

【मिति】 मे १८ (शनि) १०:०० ～१२:००

नि:शुल्क

रिज़र्भेशन राख्नुहोला

【स्थान】 खावासाकी अन्तर्राष्ट्रिय केन्द्र, दोस्रो तल्ला, समूह गतिविधि कोठा

【सहभागी हुन पाइने】 बिदेशी विद्यार्थी तथा बिदेशमा जोडिने साधारण मान्छे

२० जना सम्म (पहिलो आउनेलाई प्राथमिकता)

【प्रशिक्षक】 उकेन क्योउइकु गाकुइनको प्रधानाध्यापक (Fang Zhen Hua)


【बिषय】 ① रोजगार खोज्दाको आधारभूत ज्ञान ② रोजगार खोज्ने तरिका
③ रोजगार खोज्दा चाहिने म्यानर ④ इन्टरभ्यूको अभ्यास ⑤ रोजगार खोज्दाको Q&A



【सम्पर्क】 खावासाकी अन्तर्राष्ट्रिय केन्द्र फोन अथवा मेल गर्नु होला।
Tel : 044-435-7000 E-mail : soudan39@kian.or.jp

---

### विदेशीहरुको लागि「नगरपालिकाले दिने गरेको आवास आवेदन फाराम」 भर्ने तरिका सिकाउने कार्यक्रम



नगरपालिकाले दिने गरेको आवासमा आवेदन दिन मन छ, तर फर्म भर्ने तरिका थाहा नभएका हरुलाई आवेदन भर्ना सिकाइञ्छ र साथसाथै तेहि बेला नै फर्म भरेर बुझाउन मद्दत गरिनेछ।

अंग्रेजी, चाइनिज, कोरियन, उत्तर-कोरियन, पोर्तुगाली, स्पेनिश, तागालोग, थाई, नेपाली, भिएतनाम, इन्डोनेशियन भाषाको उल्था गरिदिने स्टाफ हुनेछन )

**मिति र समय : जुन ८ तारिख (शनि) १० : ००～१२ : ००**

**नि:शुल्क**

**स्थान : खावासाकी अन्तर्राष्ट्रिय केन्द्र, दोस्रो तल्लाको ग्रुप गतिविधि क**

रिजर्भेसन राख्नु होला !

**निवेदन : जुन ५ तारिख (बुध) १६ :३० सम्ममा फोन गर्नुहोला, अथवा केद्रमा आउनु होला।**

**नगरपालिका आवास भनेको के हो त ? :** बसाइको लागि मर्का परिरहेका तथा आम्दानी कम भएकाहरुको लागि देश र शहरको आपसी सहयोगमा बनाइएको सहरको स्वामित्वमा रहेको आवास हो। निवेदन दिन पाइने समय तथा बसाई शुरु गरिसकेपछि पनि विभिन्न नियमहरू तथा आय मापदण्डहरू छन्, जुन निजी आवास भन्दा फरक छन्। नगरपालिका आवासमा कुनै स्पेशल पैसा वा नवीकरण शुल्क लाग्दैन, तर प्रत्येक वर्ष आय सर्वेक्षण गरि प्रयोग शुल्क (भाडा) निर्धारण गरिन्छ।

निवेदनको लागि योग्यता :

(1) वयस्क
(2) १ बर्ष वा सोभन्दा बढी सम्बन्धित सहरमा बसाइ वा सो सहरमा काम गरेको हुनु पर्ने
(3) निश्चित मासिक आय भन्दा बढि नहुने
(4) आवासको लागि समस्या भएको इत्यादि





# विदेशीहरुको लागि रमाईलो र उपयोगी जापानिज भाषाको कक्षा

• सानो समूह बनाएर समूहमा पढाईन्छ।



## बिहानको कक्षा　प्रत्येक मंगलबार र शुक्रबार　बिहान ९:५० देखि ११:५० सम्म

| | | | |
|---|---|---|---|
| पहिलो सेमेस्टर | अप्रिल ९ तारिख (मंगलबार) ~ जुन २५ तारिख (मंगलबार) | (२२ पटक) | १२,१०० येन |
| दोस्रो सेमेस्टर | सेप्टेम्बर १७ तारिख (मंगलबार) ~ नोबेम्बर २९ तारिख (शुक्रबार) | (२२ पटक) | १२,१०० येन |
| तेस्रो सेमेस्टर | २०२५ साल जनवरी ७ तारिख (मंगलबार) ~ मार्च ७ तारिख (शुक्रबार) | (१७ पटक) | ९,३५० येन |

**※बच्चा हेरिदिने सुबिधा छ।(१ वर्ष भन्दा ठुलो, नि:शुल्क)**　※पाठ्यक्रमको शुल्क छुट्टै लाग्ने छ।

## बेलुकीको कक्षा प्रत्येक बुधबार १८:३०～२०:३०

| | | | |
|---|---|---|---|
| पहिलो सेमेस्टर | अप्रिल १० तारिख (बुधबार) ～जुलाई ३ तारिख (बुधबार) | (१२ पटक) | ६,६०० येन |
| दोस्रो सेमेस्टर | सेप्टेम्बर ४ तारिख (बुधबार) ～डिसेम्बर ११ तारिख (बुधबार | (१५ पटक) | ८,२५० येन |
| तेस्रो सेमेस्टर | २०२५ साल जनवरी ८ तारिख (बुधबार) ～मार्च ५ तारिख (बुधबार | (९ पटक) | ४,९५० येन |

**※बच्चा हेरिदिने सुविधा छैन।**　※ पाठ्यक्रमको शुल्क छुट्टै लाग्ने छ।

स्थान : खावासाकी अन्तर्राष्ट्रिय केन्द्र　　सम्पर्क : खावासाकी अन्तर्राष्ट्रिय संघ
फोन नं.: 044-435-7000　　ईमेल : kiankawasaki@kian.or.jp
※तालिका परिवर्तन हुन सक्छ। कृपया आवेदन दिदा चेक गर्नुहोला।

************************************************************************************

## खावासाकी शहर　साकुरा (चेरी फूल) हेर्न लायक ठाउँहरु



खावासाकी शहरमा हेर्न लायकका धेरै पार्क र हरियाली ठाउँहरू छन्। तीमध्ये हामी केहि स्थानहरू परिचय गर्नेछौं जहाँ चेरी फूलहरू विशेष गरी सुन्दर छन्। पक्कै पनि नछुटाउनु होला।

**युमेमिगासाकी चिडियाखाना पार्क (साइवाइकु • जर सिन्खावासाकी स्टेसन अथवा कासिमादा स्टेसन)**

चिडियाखाना भित्र विविन्न ठाउंहरुमा चेरी फूलहरू रोपिएका छन्, एकै समयमा जनावरहरू र चेरी फूलहरूको आनन्द लिन सक्नुहुन्छ।
सोमी योशिनो र जंगली चेरी रूखहरू सहित लगभग ४०० रूखहरू छन्।

**सुमियोशि चेरी फूल (नाकाहाराकु / टोक्यु टोयोको लाइन वा टोक्यु मेगुरो लाइन, मोटोसुमियोशी स्टेशन)**

नदीमा नै गई मिसिने खालको चेरी रूखहरूको पङ्क्ति छ। योशिनो चेरीका रूखहरू शिबु नदीको छेउमा करिब २ किलोमिटरसम्म फुलेका हुन्छन्। नजिकैको नाकाहारा पीश पार्कमा पनि चेरी ब्लसमको दृश्यको आनन्द लिन सक्नुहुन्छ।
लगभग २५० योशिनो चेरी रूखहरू छन्।

************************************************************************************

## खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको विदेशी भाषाको परामर्श सेवा

केहि प्रश्न भएमा अथवा तपाइलाई केहि समस्या परेमा हामीलाई सम्पर्क गर्नुहोला। (नि:शुल्क)

**ZOOM प्रयोग गरेर ओन्लाइन परामर्श लिन सकिन्छ !**

परामर्श सेवाको समय　९ :०० -१७ :००

परामर्श सेवाको प्रत्यक्ष फोन नं. 044-455-8811

होमपेज बाट रिजर्भेसन राख्नु होला।

सम्बन्धित भाषाको अनुवादक/सल्लाहकार नभएको दिन पनि अनुबाद फोनबाट परामर्श गर्नेछौं।

| भाषा | बार | भाषा | बार |
|---|---|---|---|
| अंग्रेजी | सोमबार देखि शनिबार | चिनियाँ | सोमबार देखि शनिबार |
| पोर्तुगाली | मंगलबार र शुक्रबार | स्पेनिश | मंगलबार र बुधबार |
| कोरियाली/उत्तर कोरियाली | मंगलबार र बिहीबार | तागालोग | मंगलबार र बुधबार |
| भियतनामी | मंगलबार र शुक्रबार | थाई | सोमबार र मंगलबार |
| इन्डोनेसियाली | मंगलबार र बुधबार | नेपाली | मंगलबार र शनिबार |

*अनलाइन परामर्शको लागि निवेदन दिने पेज*

*खावासाकी अन्तराष्ट्रिय केन्द्र*

***शासनिक अधिकृतद्वारा नि:शुल्क परामर्श सेवा**　(जापानिज भाषामा मात्र परामर्श सेवा उपलब्ध गराइने भएतापनि अन्य भाषामा अनुवाद गराई लिने व्यवस्थाको बुकिंग पनि गर्न सकिने)

मिति र समय : २०२४ साल अप्रिल २१ तारिख(आइत) , मे १९ तारिख (आइत) १४ : ०० ～ १६ : ००
स्थान : खावासाकी अन्तर्राष्ट्रिय केन्द्र दोस्रो तल्ला, संघको बैठक कोठा